नेपाल सरकार
कृषि, वन तथा वातावरण मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बबरमहल, काठमाडौं

मितिः २०८३/०३/०१

## प्रेस विज्ञप्तीः मनसुन आगमन सम्बन्धमा

नेपालमा मनसुन सरदर जुन १३ मा प्रवेश गर्ने गर्दछ। यस वर्ष नेपालमा हाल सम्म मनसुनको आगमन भइसकेको छैन। भू-उपग्रहबाट प्राप्त तथ्यांक तथा गणितीय मौसम पूर्वानुमानको विश्लेषणको आधारमा नेपालमा मनसुन आगमन अझ केही दिन ढिलो हुने सम्भावना छ। नेपालमा हालसम्म पनि पश्चिमी वायुको सक्रियताका साथै स्थानीय वायुको कारणले विशेष गरी कोशी प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका हिमाली र पहाडी क्षेत्रमा मेघ गर्जन सहितको मध्यम सम्मको वर्षाको गतिविधि भइरहेको अवस्था छ।

हाल प्रशान्त महासागरमा एलनिनो विकसित भइसकेको र अझै बलियो हुने क्रममा रहेको छ। जसले गर्दा नेपालको मनसुन आगमनमा समेत प्रभाव पर्ने र दक्षिण एसिया लगायत नेपालको मनसुन कमजोर हुन सक्ने सम्भावना देखिएको छ। विगतका केही वर्षहरूमा पनि एलनिनोका प्रभावले मनसुन आगमन ढिलो भएको थियो।

एलनिनोको प्रभावले मनसुन आगमनमा भएका ढिलाईका बर्षहरू:

| बर्ष (सन्) | १९७२ | १९८२ | १९८३ | १९८७ | १९९२ | १९९७ | २००२ | २००९ | २०१६ | २०१९ | २०२३ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन आगमन मिति | १८ जुन | २७ जुन | २४ जुन | १४ जुन | २१ जुन | १४ जुन | १५ जुन | २३ जुन | १५ जुन | २० जुन | १४ जुन |

यस वर्षको मनसुनी प्रणालीलाई मौसम पूर्वानुमान महाशाखाले निरन्तर अनुगमन गरिरहेको छ र सोही अनुसार नियमित रूपमा अद्यावधिक गर्दै जानेछ। तसर्थ सबैलाई अद्यावधिक मौसमी सूचनाको जानकारी लिनु हुन अनुरोध छ।

प्रवक्ता

बिभूती पोखरेल